# शिशु स्याहार तथा विकास केन्द्र संचालन मापदण्ड

FNCCI नेपाल उद्योग वाणिज्य महासंघ

शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, टेकू,

काठमाडौं फोन नं०: ५३६२२१८, ५३६२०६१, ५३६६८८५

E-mail: fncci@mos.com.np

**Windows User**

२०२५/२०२६

सबै बालबालिकालाई गुणस्तरीय बालविकासको वातावरण तयार गर्न कार्यक्षेत्रमा शिशु स्याहार केन्द्र संचालनको अवधारणा अनुरुप कार्यक्रम संचालन मापदण्ड तयार गरिएको छ । यस मापदण्ड जन्मदेखि ४ वर्षसम्मका बालबालिकाहरुको लागि केन्द्रमा आधारित शिशु स्याहार केन्द्र संचालनका लागि राष्ट्रिय प्रारम्भिक बालविकास रणनीति २०७७–२०८८ मा आधारित रहेर तयार गरिएको छ । यस मापदण्डको उद्देश्य न्यूनतम मापदण्डहरू यथावत राख्दै गुणस्तरीय कार्यक्रम संचालनलाका लागि मार्गदर्शन गर्ने हो। यो संचालन मापदण्डले जन्मदेखि चार (४) वर्षसम्मका बालबालिकाहरूका लागि गुणस्तरीय शिशु स्याहार केन्द्र संचालन गर्न आवश्यक सूचकहरू निर्धारण गरेकोछ । यसमा राखिएका मापदण्ड र सूचकहरू नेपाल सरकारद्वारा प्रारम्भिक बालविकास र शिक्षाका केन्द्रहरू संचालनका लागि तयार गरिएको राष्ट्रिय न्यूनतम मापदण्डको आधारमा तयार गरिएको हो।

| क्षेत्र | मापदण्ड | सूचक |
|---|---|---|
| स्वास्थ्य, पोषण र सुरक्षा | कार्यक्रमले केन्द्रमा शिशु र साना बालबालिकाहरूको स्वास्थ्य, पोषण र सुरक्षालाई प्रवर्द्धन गर्दछ। | क. स्थानीय स्वास्थ्य केन्द्रहरूसँग समन्वय गरेर शिशु र साना बालबालिकाहरूको लागि स्वास्थ्य र पोषण सेवाहरू उपलब्ध गराइन्छ।<br>ख. शिशु र साना बालबालिकाहरूको उचित पोषण र स्वस्थ खाने बानीहरूको प्रवर्द्धन गर्दै पोषणयुक्त खाना प्रदान गरिन्छ। |

| | | |
|---|---|---|
| | | ग. केन्द्रमा खाद्यान्न र पानीको सरसफाइ र स्वच्छता कायम गरिन्छ।<br>घ. शिशु र साना बालबालिकाहरूको लागि सफा सुरक्षित र चोटपटक लाग्नबाट बचाइने / जोगिने वातावरण उपलब्ध गराइन्छ।<br>ङ. बाल संरक्षण कार्यक्रमलाई प्राथमिकतामा राखिन्छ। |
| भौतिक वातावरण र सुरक्षा | शिशु स्याहार तथा विकास केन्द्रमा सुरक्षित कक्षाकोठाको वातावरण र बाहिरी खेलको क्षेत्र रहनेछ । यो केन्द्र साना तथा विशेष आवश्यकता भएका बालबालिकाहरू समेतको लागि पहुँचयोग्य हुनेछ, जसमा उपयुक्त र पर्याप्त सुविधा र सिकाइका सामग्रीहरू रहनेछन् । यहाँको कक्षाकोठाको भुईं नरम, खेल्न, अनुभव गर्न, अन्वेषण र सिकाइको लागि अनुकूल र उपयुक्त छ । बालबालिकाको सिकाइ र अन्य प्रयोजनका छुट्टै क्षेत्रहरू छुट्याइएकाछन्। | क. बाहिरी खेलको क्षेत्र सुरक्षित राखिनेछ र खेल र सिकाइलाई प्रोत्साहन दिइनेछ।<br>ख. केन्द्रको समग्र वातावरण (भित्री तथा बाहिरी) सुरक्षित राखिनेछ र खेल र सिकाइलाई प्राथमिकता र प्रोत्साहन दिइनेछ ।<br>ग. कक्षाकोठामा सिकाइ क्षेत्रहरू, उपयुक्त खेल सामग्री र भण्डारण क्षेत्रहरूको व्यवस्था गरिनेछ । |
| स्याहारकर्ता (हेरचाहकर्ता) र बालबालिकाबीच, | शिशु स्याहार तथा विकास केन्द्रले बालबालिकाहरू र अन्य व्यस्कहरूबीच सकारात्मक अन्तरक्रिया र | क. साथीहरूबीचको अन्तरक्रिया र सम्बन्ध बढ्नेछ ।<br>ख. स्याहारकर्ता र |

| | | |
|---|---|---|
| साना बालबालिकाहरूबीच र अन्य वयस्कहरूबीचको अन्तरक्रिया र सम्बन्ध | सम्बन्धलाई बढाउनेछ। यसले बालबालिकालाई सम्मान र समूदायमा अपनत्व भावना विकास हुनेछ। | बालबालिकाबीच सकारात्मक अन्तरक्रिया र राम्रो सम्बन्ध हुनेछ ।<br>ग. स्याहारकर्ताहरूले साना बालबालिकाहरू र अभिभावक (वयस्क) हरूसँग सम्मानका साथ अन्तरक्रिया गर्छन्।<br>घ. स्याहारकर्ताहरूले साना बालबालिकाहरूको क्षमतालाई उजागर गर्दै हुर्काउँनेछन्।<br>ङ. बालबालिकाहरूको व्यवहार सकारात्मक तरिकाले व्यवस्थापन गरिन्छ। |
| बालविकास शिक्षक, स्याहारकर्ता, कर्मचारीको योग्यता, क्षमता विकास र निरन्तर सहयोग | कार्यक्रमले आवश्यक शैक्षिक योग्यता र सीप भएका बालविकास शिक्षक, स्याहारकर्ता र कर्मचारीहरूलाई रोजगारीको अवसर सृजना गर्दछ र सहयोग गर्दछ। | क. बालविकास शिक्षक/ स्याहारकर्ता/ हेरचाहकर्ता/ कर्मचारी र सहयोगी कर्मचारीहरूका लागि आवश्यक व्यवस्था हुनेछ।<br>ख. बालविकास शिक्षक/ स्याहारकर्ता/ हेरचाहकर्ता/ कर्मचारी र सहयोगी कर्मचारीहरूको दक्षता वृद्धिका लागि अवसरहरू बढ्नेछ। |
| पाठ्यक्रम, शिक्षण क्रियाकलाप र मूल्याङ्कन | शिशु स्याहार केन्द्रले पाठ्यक्रम विकास केन्द्र (सीडीसी) द्वारा विकास गरिएको पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ईएलडीएस) का आधारमा क्रियाकलापहरू | क. केन्द्रमा रहेको प्रत्येक बालबालिकाको विकासात्मक आवश्यकतालाई ध्यानमा राखेर पाठ्यक्रम तथा दैनिक क्रियाकलापहरूको सावधानीपूर्वक योजना बनाइनेछ।<br>ख. केन्द्रमा खेलमा आधारित |

| | | |
|---|---|---|
| | कार्यान्वयन गर्दछ । पाठ्यक्रमले विकास उपयुक्त क्रियाकलापहरू तयार गर्न र सिकाइ गर्न र मूल्याङ्कन गर्न सहयोग गर्दछ । | पाठ्यक्रमको प्रयोग गरिनेछ र विविध प्रकारका बालबालिकाको आवश्यकताअनुरुप शिक्षक/ सहजकर्ताहरूले विकास तथा सिकाइका लागि सहजीकरण गरिनेछ ।<br>ग. पाठ्यक्रममा स्वास्थ्य र सुरक्षा, प्रारम्भिक साक्षरता, संख्या बोध, पूर्व पढाइ, लेखाइ, विज्ञान, सामाजिक अध्ययन, सृजनात्मक कला तथा अभिव्यक्ति, गीतसङ्गीत र अभिनयको अवधारणा विकास हुने क्रियाकलाप गरिनेछ।<br>घ. साना बालबालिकाहरूको नियमित मूल्याङ्कनको आधारमा शिक्षण क्रियाकलापहरू निर्धारण र समायोजन गरिनेछ । शिक्षण सिकाइ क्रियाकलापको योजना बनाउँदा बालबालिकाको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राखि प्रगति मूल्याङ्कन विधिहरू प्रयोग गरिनेछ र विशेष आवश्यकता भएका बालबालिकाहरूको लागि विशेष सहयोग गरिनेछ ।<br>ङ. साना बालबालिकाहरूको सिकाइ र विकासलाई प्राथमिकतामा राखेर क्रियाकलापहरू संचालन |

| | | |
|---|---|---|
| | | गरिनेछ । <br>च. दैनिक कार्यतालिका लचिलो（Flexible） तर अनुमान लगाउन सकिने हुनेछ । <br>छ. बालबालिकाको लागि आराम र शान्त राख्नका लागि वातावरण तयार गरिनेछ । <br>ज. साना बालबालिकाहरूको लागि आत्मनिर्भर हुने क्रियाकलापहरूको अभ्यास गर्ने अवसरहरू प्रदान गरिनेछ । <br>झ. सबै बालबालिकाहरूको सर्वाङ्गीण विकास र सिकाइ क्रियाकलापहरू संचालनका लागि केन्द्रमा पर्याप्त संख्यामा शिक्षक/ स्याहारकर्ताहरू रहनेछन् । बालबालिकाले समयमा आवश्यकता अनुरुप सुरक्षा,स्याहारसुसार, हेरचाह तथा शारीरिक, सामाजिक, भावनात्मक, बौद्धिक र भाषिक विकासलाई प्रवर्द्धन गर्ने वातावरण सुनिश्चित गरिनेछ । |
| परिवारको संलग्नता र समुदाय सम्बन्ध | केन्द्रले बालबालिकाका अभिभावकसँग सकारात्मक सम्बन्ध बनाउँदै सरोकारवालाहरूसँग सहकार्य गर्नेछ । | क. केन्द्रले बालबालिकाहरूका अभिभावकहरूसँग सहकार्य गर्नेछ । शिक्षक स्याहारकर्ताहरूले बालबालिकाको विकास र सिकाइका विषयमा |

| | | |
|---|---|---|
| | | अभिभावकहरूसँग छलफल तथा जानकारी गराउनेछन्। |
| नेतृत्व, कार्यक्रम व्यवस्थापन र सहयोग | यस कार्यक्रमलाई शिशुस्याहार तथा विकास केन्द्र व्यवस्थापन समिति द्वारा व्यवस्थापन गरिनेछ जसले साना बालबालिकाहरू र उनीहरूका अभिभावकहरूको आवश्यकतालाई प्राथमिकतामा राख्दछ। बालबालिकाको हेरचाह, स्वास्थ्य, पोषण, प्रारम्भिक शिक्षा र सामाजिक सेवाहरूमा गुणस्तरीय एकीकृत सेवाहरू प्रवर्द्धन गर्नेछ। कार्यक्रमका लागि तोकिएको व्यक्तिले (फोकल पर्सन) शिक्षक/ स्याहारकर्ता र अभिभावकहरूसँग सहकार्य र सहयोग गर्नका लागि नेतृत्व लिनेछन्। | क. प्रारम्भिक बाल स्याहार तथा विकास केन्द्रले स्थानीय निकायबाट संचालनको लागि स्वीकृति लिनेछ।<br>ख. कार्यक्रमले बालविकास शिक्षक/ स्याहारकर्ताको नियुक्ति प्रक्रियागतरूपमा गरिनेछ।<br>ग. व्यवस्थापन समितिले शिक्षक/ स्याहारकर्ताको मासिक तलब नेपाल सरकारको नियम अनुसार समयमै भुक्तानी दिनेछ। |

## दैनिक क्रियाकलापहरू

| | |
|---|---|
| केन्द्र प्रवेश र स्वागत | शिक्षक/ स्याहारकर्ताहरूले बालबालिकाहरू र अभिभावकहरूलाई अभिवादन गर्दै स्वागत गर्छन्। बालबालिकाहरूले आफ्नो सामान तोकिएको स्थानमा राख्छन्, वा शिक्षक/ स्याहारकर्ताहरूले सामान राख्न सहयोग गर्छन्। सबै बालबालिकाहरूको हात धोइदिन्छन्। खेलौना, पुस्तक र चित्रहरू कोर्न दिएर शान्त बस्ने क्रियाकलापहरू गराउँछन्। |

| | |
|---|---|
| बिहानको समय | शिक्षक/ स्याहारकर्ता र बालबालिकाहरू ठूलो समूहमा जम्मा हुन्छन् र गोलो घेरा बनाएर बस्छन् । घरमा के गरे, के खाए, साथीले के भने, आज दिनभरी के गर्ने, जस्ता छलफल गरेर दिनभरीको योजना बनाउँछन् । गीत गाउँछन्, नाच्छन् । यसबाट आफू र साथीहरूबीच सम्बन्ध राम्रो हुन्छ र कक्षामा आफ्नोपन भावना बढ्दछ । |
| बालबालिकाको सिकाइ क्रियाकलापमा सहभागिता | बालबालिकाहरू शिक्षक/ स्याहारकर्ताले तयार गरेका सिकाइ कक्षहरूमा (केन्द्र) सानो समूहमा खेल्छन् र काममा व्यस्त रहन्छन् । शिक्षक/ स्याहारकर्ताले बालबालिकाहरूले गरेको क्रियाकलापहरूको अवलोकन गर्छन् र बालबालिकाहरूसँग एक–एक गरेर कुराकानी गर्छन् । साथै सानो समूह बनाएर कथा भन्ने, पुस्तक पढ्ने, र खेल खेल्ने काम गर्छन्। |
| ठूलो समूहमा क्रियाकलाप | बालबालिकाहरू ठूलो समूहमा जम्मा हुन्छन् र गोलो घेरा बनाएर बस्छन् । आफ्नो कुराहरू, अनुभवहरू सुनाउँछन् । उनीहरूले के खेले, कस्तो कथा सुने भन्छन् । शिक्षक/ स्याहारकर्ताले गीत गाउँछन्, बालबालिकाहरू नाच्छन् उफ्रिन्छन् र थाके पछि पुस्तक पढ्छन् र छलफल गर्छन्। |
| बाहिरी खेल | शिक्षक/ स्याहारकर्ताले बालबालिकाहरूलाई बाहिर खेल्न वा डुलाउन लैजान्छन् । शिक्षक/ स्याहारकर्ताले वरीपरी भएको बोटबिरूवा, चराचुरूङ्गी, गाईवस्तु देखाउँछन् र तीनीहरूको बारेमा बताउँछन् । |
| ठूलो समूहमा क्रियाकलाप | बालबालिकाहरू ठूलो समूहमा जम्मा हुन्छन् र गोलो घेरा बनाएर बस्छन् । शिक्षक/ स्याहारकर्ताले बालबालिकाहरूलाई आराम हुने क्रियाकलाप गराउँछन् । हातखुट्टा धोएर, खाजा र खानाको लागि तयारी गराउँछन् । |
| खाजा समय | शिक्षक/ स्याहारकर्ता बालबालिकाहरूसँग बस्छन्, कुराकानी गर्छन् कसरी खाना खाने भनेर तरीका र व्यवहारबारे बताउँछन्, नमूना देखाउँछन्। बालबालिकाहरूले आफ्नो खाना लिएर आफैं खान सुरु गर्छन्, नसक्ने र साना शिशुहरूलाई शिक्षक/ स्याहारकर्ताले खुवाइदिन्छन् । |
| आराम | शिक्षक/ स्याहारकर्ताले बालबालिकाहरूलाई आराम गराउँछन् र |

| | |
|---|---|
| | सजिलो बनाएर सुन्न मद्दत गर्छन् । सुन्न नसक्ने बालबालिकाहरूका लागि शान्त भएर बस्न लगाउँछन् र उनीहरूको गतिविधिहरू नियाल्छन् । |
| शरीर संचालनको खेल | शिक्षक/ स्याहारकर्ताले बालबालिकाहरूलाई कक्षाकोठा भित्र वा बाहिर लगेर उफ्रने, कुद्ने जस्ता ठूलो मांसपेशीहरू संचालन हुने खेलहरू खेलाउँछन् । गीत गाउँछन् र नचाउँछन् । |
| ठूलो समूहमा क्रियाकलाप र बिदाइ | बालबालिकाहरू ठूलो समूहमा जम्मा हुन्छन् र गोलो घेरा बनाएर बस्छन् । शिक्षक/ स्याहारकर्ताले बालबालिकाहरूलाई दिनभरी गरिएको क्रियाकलापहरूको बारेमा भन्न लगाउँछन् । के के गरे, कस्तो लाग्यो, के रमाइलो भयो, इत्यादि सोध्छन् र अभिभावकहरू लिन आए पछि जिम्मा लगाउँछन् ।<br>शिक्षक/ स्याहारकर्ताहरू बसेर कोठा सफा गर्छन् र भोलिको लागि योजना बनाउँछन्, सामग्री तयार गर्छन् । |

सशक्त महिला सम्वृद्ध नेपालको सहयोगमा